नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

(कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा)

सिंहदरबार, काठमाडौं

फोन नं. ०१-४२११११०
फ्याक्स नं. ०१-४२००३७५

मितिः २०७६।०३।२६

**प.सं.** :–२.१.६.२०७५/०७६ (क.प्र.)

**च.नं.** :- ३५०१

**विषय :-आ. व. २०७५/०७६ को सम्पत्ति विवरण सम्वन्धमा ।**

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र,सानोठिमी,भक्तपुर :-*तहाँ र अन्तर्गतका निकायहरुमा परिपत्र हुन ।*
श्री शिक्षक सेवा आयोग,सानोठिमी,भक्तपुर ।
श्री पाठ्यक्रम विकास केन्द्र,सानोठिमी,भक्तपुर ।
श्री राष्ट्रिय किताबखाना (शिक्षक),म्युजियममार्ग,छाउनी ,काठमाण्डौं ।
श्री राष्ट्रिय परीक्षा वोर्ड,सानोठिमी,भक्तपुर :-*तहाँ र अन्तर्गतका निकायहरुमा परिपत्र हुन ।*
श्री नेपाल राष्ट्रिय पुस्तकालय,हरिहरभवन,ललितपुर ।
श्री केशर पुस्तकालय,केशरमहल,काठमाण्डौं ।
श्री शैक्षिक गुणस्तर परीक्षण केन्द्र,सानोठिमी,भक्तपुर ।
श्री व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि,परियोजना,बुद्धनगर ।
श्री शिक्षाको लागि खाद्य परियोजना ,नक्साल,काठमाण्डौं ।
श्री युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय,सिंहदरवार,काठमाण्डौं ।

प्रस्तुत विषयमा निजामती किताबखाना,हरिहरभवन , ललितपुरको पं.सं. ०७५/०७६ ,च.नं. १७८ मिति २०७६/०३/११ गतेको आ.व.२०७५/०७६ को सम्पत्ति विवरण दर्ता सम्बन्धी पत्रको छाँयाकपी यसैसाथ संलग्न छ । सो सन्दर्भमा तहाँ र तहाँ अन्तर्गत कार्यरत सार्वजनिक पद धारण गरेका कर्मचारीहरुको सम्पत्ति विवरण सम्बन्धमा पत्रमा उल्लेख भए बमोजिम कार्यान्वयन गर्न गराउन हुन आदेशानुसार अनुरोध छ ।

***पुनश्च :*** आ.व.२०७५/०७६ मा करार सेवामा कार्यरत रहेका कर्मचारीहरुको समेत अनिवार्य रुपमा सम्पत्ति विवरण भराई सुरक्षित रुपमा राख्ने व्यवस्था हुन समेत अनुरोध छ ।

..............................
बलदेव भण्डारी
(शाखा अधिकृत)

*बोधार्थ*

श्री निजामती किताबखाना,हरिहरभवन,ललितपुर : *-तहाँको प.सं. ०७५/०७६, च.नं. १७८, मिति २०७६/ ०३/ ११ को पत्रको सन्दर्भमा ।*
श्री शैक्षिक प्रविधि तथा विद्युतीय सुशासन शाखा: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाण्डौं :*-वेभसाइटमा अपलोड हुन ।*
श्री सबै महाशाखा: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार , काठमाण्डौं ।

Scanned by TapScanner

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# निजामती किताबखाना

पत्र संख्याः ०७६/७७
चलानी नं. १६८

मिति २०७६।०३।१३

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषयः सम्पत्ति विवरण दर्ता सम्बन्धमा ।**

उपर्युक्त विषयमा आ.व. समाप्त भएको मितिले ६० दिनभित्र सार्वजनिक पद धारण गरेका सम्पूर्ण कर्मचारीहरुले सम्पत्ति विवरण बुझाउनुपर्ने विद्यमान ऐन, नियममा व्यवस्था भएको व्यहोरा सर्वविदितै छ । आ.व. ०७५/७६ को सम्पत्ति विवरण यही २०७६ साल साउन १ गते देखि ऐ. भदौ २८ (सम्पत्ति विवरण बुझाउने अन्तिम दिन २०७६ साल भदौ २८ गते शनिबार परेको हुँदा सो दिन समेत निजामती किताबखाना सम्पत्ति विवरण दर्ता गर्ने प्रयोजनको लागि खुला रहने छ) सम्म यस विभागमा दर्ता गरिसक्नु पर्ने व्यहोरा स्मरणार्थ अनुरोध छ । निजामती किताबखानाबाट आ.व. २०७४/७५ को राष्ट्रसेवक कर्मचारीहरुको सम्पत्ति विवरण दर्ता गर्ने क्रममा कतिपय कर्मचारीहरुले खाम बाहिर अनिवार्यरुपमा खुलाउनुपर्ने कर्मचारी संकेत नं., नाम, पद, दर्जा, सेवा/समुह, श्रेणी/तह, कार्यरत कार्यालय, आर्थिक वर्ष जस्ता व्यहोराहरु नलेख्ने तथा अधुरो रुपमा लेख्ने गरेको पाइयो । यसैगरी कर्मचारी संकेत नं. उल्लेख गर्दा कर्मचारी संकेत नं. (सिटरोल दर्ता नं.) को सट्टामा कर्मचारी संचयकोष एवं नागरिक लगानी कोषको परिचयपत्र नं. जस्ता अन्य नम्बरहरु उल्लेख गरी पठाउँदा सम्पत्ति विवरण पठाउने कर्मचारीको सही पहिचान हुन नसकी दर्ता गर्ने कार्यमा बाधा पर्न जाने र त्यसको सजायको भागी अन्ततः सम्बन्धित कर्मचारी नै हुन जाने अवस्था सिर्जना हुन गएको छ । यस किसिमको समस्या मुख्यतः नयाँ र पुराना श्रेणी विहिन कर्मचारीहरु (सवारी चालक, कार्यालय सहयोगी) तथा नेपाल स्वास्थ्य सेवा र नेपाल वन सेवाका सहायक स्तरका कर्मचारीहरुमा बढी देखिएको छ ।

सम्पत्ति विवरण समयमा पठाउँदा पठाउँदै पनि खाम बाहिर आफ्नो विवरण स्पष्ट नलेखिदिँदा कर्मचारीहरुको सम्पत्ति विवरण दर्ता नहुने एवं सम्बन्धित कर्मचारी दण्ड सजायको भागी समेत हुन पर्ने अवस्था श्रृजना हुन सक्ने भएकोले आ.व. २०७५/७६ को सम्पत्ति विवरण भरी पठाउनु अघि निजामती किताबखानाले सम्पत्ति विवरण भर्ने विषयमा प्रकाशन गरेको सार्वजनिक सुचना एवं विभागको Website: www.pis.gov.np मा प्रकाशन भएको सूचना राम्ररी अध्ययन गरी आफ्नो सम्पत्ति विवरण समयमै निर्धारित ढाँचामा किताबखानामा अनिवार्य रुपमा दाखिला हुने गरी पठाउने व्यवस्थाको लागि आफू मातहतका सबै निकायमा परिपत्र गरिदिनुहुनका साथै विभिन्न गोष्ठी, सेमिनार, तालिम, कर्मचारी बैठक जस्ता कार्यक्रममा समेत यस सम्बन्धी जानकारी प्रवाह गरी सम्पत्ति विवरण दर्ता गर्न पठाउने सबै कर्मचारीको सम्पत्ति विवरण समयमा नै दर्ता गर्नका लागि आवश्यक सहयोग गरिदिनुहुन अनुरोध गर्दछु ।

तपसिल

| आ.ब. २०७५।७६ को सम्पत्ति विवरण | |
|---|---|
| क. कर्मचारीको संकेत नं.: | ङ. श्रेणी/तहः |
| ख. नाम, थरः | च. कार्यरत कार्यालयः |
| ग. पद/दर्जाः | छ. मोबाइल नं.: |
| घ. सेवा/समूहः | ज. ई-मेल ठेगानाः |

(गीता कुमारी होमेगाई)
महानिर्देशक

श्री प्रशासन महाशाखा

"निजामती सेवाको सपना: समृद्ध नेपालको रचना"

मोबाइल एप: हातहातमा निजामती सेवा (Civil Service in Own Palm) - CSOP
ठेगाना: हरिहरभवन, ललितपुर, नेपाल, सम्पर्क फोन: ५०१०१३८, ५०१०२९८, फ्याक्स ५०१०२१०; website: www.pis.gov.np; email: info@pis.gov.np
यस किताबखानासँग पत्राचार गर्दा सम्बन्धित कर्मचारीको संकेत नम्बर अनिवार्य उल्लेख गर्नुहुन अनुरोध छ ।

Scanned by TapScanner